आठराई गाउँपालिका

# आठराई राजपत्र

## आठराई गाउँपालिकाबाट प्रकाशित

**खण्ड:५) संक्रान्तिबजार,तेह्रथुम, आषाढ ३० गते,२०८० साल(संख्या:४)**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७९।०७।०२

## भाग २

## आठराई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,संक्रान्तिबजार,तेह्रथुम

### आठराई गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधी-२०७९

आठराई गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधी-२०७९

## परिच्छेद-१
## प्रारम्भिक

**प्रस्तावना** - आठराई गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका एवम् पालिका क्षेत्र भित्रको सार्वजनिक सम्पतीको सुरक्षा एवम् संरक्षण गर्न, गाउँपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पतिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) मा उल्लेख भएको नगर प्रहरी सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम आठराई गाउँपालिकाले यो आठराई गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधी-२०७९ तर्जुमा गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** - (क) यो कार्यविधीको नाम "आठराई गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधी-२०७९" रहेको छ।

(ख) यो कार्यविधी आठराई गाउँपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा** - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा -

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले आठराई गाउँपालिका सम्झनु पर्दछ।

(ग) "सभा" भन्नाले आठराई गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले आठराई गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले आठराई गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) "नगर प्रहरी प्रमुख" भन्नाले आफु मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी कर्मचारी सम्झनु पर्दछ। यस शब्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म नगर प्रहरी कर्मचारीको कमाण्ड गर्ने सिनियर प्रहरी जवानलाई समेत जनाउँदछ।

(ज) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी हवल्दार, जवान र सुरक्षा गार्डको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले दफा १२ बमोजिमको समिति सम्झनुपर्दछ।

(ञ) "सेवा करार" भन्नाले यस कार्यविधी बमोजिम स्वीकृत दरबन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ।

## परिच्छेद-२
## नगर प्रहरीको क्षेत्राधिकार, सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरीको क्षेत्राधिकार -** (१) नगर प्रहरी कर्मचारीको क्षेत्राधिकार प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम आठराई गाउँपालिका क्षेत्र भित्र मात्र रहनेछ।

**४. नगर प्रहरी सेवाको गठन -** गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ। नगर प्रहरी सेवाका विभिन्न पदहरु, विभिन्न पद अन्तर्गत रहने प्रहरी कर्मचारीहरुको दरबन्दी संख्या र पदपूर्ती सम्बन्धी व्यवस्था यो कार्यविधी अनुसार हुनेछ।

**५. गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद -** (१) गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद देहाय अनुसार हुनेछ।

(क) नगर प्रहरी हवल्दार

(ख) नगर प्रहरी जवान

(२) उप-दफा (१) अनुसारका पदहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अन्तर्गत रहने नगर प्रहरी कर्मचारीको दरबन्दी र संख्या गाउँसभाले स्वीकृत गर्नेछ।

(३) उप-दफा (२) बमोजिम स्वीकृत दरबन्दी मध्ये रिक्त भएको पदमा यो कार्यविधी तथा गाउँपालिकाको प्रचलित कानून बमोजिम पुदपुर्ती गर्दा दफा १० बमोजिम पदपुर्ती गरिनेछ।

(४) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार यसै कार्यविधीमा व्यवस्था गरिए अनुसार हुनेछ।

## परिच्छेद-३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार -** (१) नगर प्रहरी कर्मचारीहरु हमेसा आफ्नो ड्युटीमा रहेको मानिनेछ। नीजलाई जुनसुकै बखत पनि काममा लगाउन सकिनेछ।

(२) नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पुर्याई राखिएका निर्माण सामग्रीहरु त्यस्ता पसल/ व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाउन लाग्ने खर्च सम्बन्धीत व्यक्तिबाट अशुल उपर गर्न पेश गर्ने।

(ख) पालिका क्षेत्र भित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित स्थान र समयमा राख्न लगाउने, अटेर गर्नेलाइ कानून बमोजिम कार्वाहीका लागि पेश गर्ने।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य अर्को अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने। निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रशासन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, आदेश अनुसार गर्ने गराउने।

(घ) नगर क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित ढंगले निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धीत शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिइ भत्काउने आदेश भएमा आदेशानुसार गर्ने गराउने।

(ङ) छाडा पशुचौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशुचौपाया गाउँपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने गराउने ।

(च) स्वास्थयका लागि हानिकारक वस्तु तथा सडे गलेका खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडे गलेका हानिकारक वस्तु विक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा नियमानुसार जरिवाना गर्न वा पसल बन्द गर्न वा गराउन राय साथ पेश गर्ने ।

(छ) रोगी वा कानूनले निषेध गरेका पशु पंक्षी काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षीको मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने र नियमानुसार कारवाहिका लागि राय सहित पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने । बेवारिसे, मरेका पशुपंक्षीको समयमा नै उचित व्यवस्थापन गर्न लगाउने ।

(झ) सडक आवागमन वा सर्वसाधारणका लागि खतरा देखिएका रुखहरु काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सो को लिखित प्रतिवेदन पेश गरी आदेशानुसार गर्ने गराउने ।

(ञ) वडा समिति, टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्था र सुरक्षा निकायसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृती हटाउने कार्य गर्ने गराउने ।

(ट) गाउँ कार्यपालिका, विभिन्न समिति, उप-समिति, विभाग तथा शाखाहरुबाट लागु हुने नीति नियम, निर्णय, मापदण्ड र गाउँ पालिकाको विद्यमान कानून कार्यान्वयन गर्ने ।

(ठ) गाउँपालिकामा सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल अचल सम्पती, भवन, जग्गा, पार्क, मेशिन तथा उपकरण वा अन्य औजारको सुरक्षा गर्ने ।

(ड) गाउँपालिका क्षेत्रमा बिना इजाजत पेशा व्यवसाय गरेको फेला परेमा सम्बन्धीत निकायबाट पेशा व्यवसायको दर्ता नविकरण गर्न लगाउने । त्यस्ता पेशा व्यवसाय गाउँपालिकामा दर्ता भए नभएको र दर्ता भए पनि नविकरण भए नभएका हेरी दर्ता वा नविकरण गर्न लगाउने ।

(ढ) गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने ।

(ण) बिना इजाजत व्यानर, होर्डिङ्गबोर्ड, ग्लोबोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) गाउँपालिकाले संचालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदी जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नाप तौलका सामाग्रीको चेकजाँच गर्ने, पसल व्यवसाय स्थलमा मूल्य सूची राख्न लगाइ नियमित अनुगमन गर्ने ।

(द) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज सेन्टर, पार्लर जस्ता व्यवसायमा हुने गतीविधीहरुको निरिक्षण गर्ने, मापदण्ड अनुरुप संचालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने ।

(ध) गाउँपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा तास, जुवा लगायतका विकृतीजन्य कृयाकलापमा रोक लगाउने । अनुमती बीना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतीका विभिन्न खेलहरु संचालन गर्न नदिने ।

(न) गाउँपालिकाका क्षेत्र भित्र संचालनमा आएका अस्थायी प्रकृतीका बजारहरुको रेखदेख गर्ने, व्यवसायीहरुको लगत राख्ने ।

(प) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(फ) ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा, व्यापार, व्यवसाय वा अन्य कुनै किसिमको कार्यक्रम संचालन गर्न वा सार्वजनिक रुपमा बाधा पुग्ने गरी व्यक्ति विशेषले कुनै कार्य गर्न रोक लगाउने। कुनै उद्योग व्यापार व्यवसाय वा व्यक्तिले कुनै कार्य गर्दा प्रदुषण उत्पन्न भएमा त्यसलाई नियन्त्रण गर्न लगाउने।

(ब) पार्कीङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने।

(भ) पालिका क्षेत्रभित्रका नीजि सुरक्षा गार्ड आपुर्ति व्यवसाय संचालन गर्ने फर्म, कम्पनी संचालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने।

(म) दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राख्नका लागी दमकल कर्मचारीलाई आवश्यक सहयोग पुर्याउने।

(य) विपद, महामारी भएमा उद्दार तथा राहतका लागी तुरुन्त परिचालित हुने।

(र) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तरगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने।

(ल) माथी खण्ड (र) बमोजिमका शाखा वा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलब्ध गराउने।

(व) न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धीत पक्षहरु काहाँ म्याद तामेली गर्ने र पूर्जी सूचना बुझाउने।

(श) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने।

(ष) गाउँपालिकाको सुरक्षा गर्ने, पालो पहरा गर्ने।

(स) गाउँपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

(३) उपदफा (२) बमोजिमका कार्यहरु गर्दा नगरप्रहरी कर्मचारीले स्थानीय प्रहरीसँग समन्वय गरेर कार्य गर्नुपर्नेछ।

(४) नगरप्रहरीको कार्य विवरण तयार गर्दा उपदफा (२) अन्तर्गत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ।

(५) यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले कारवाहि गर्दा असुल गर्ने जरिवाना रकम तथा कुनै सामाग्री हटाउदा लागेको खर्च असुल सम्बन्धी व्यवस्था आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

## परिच्छेद-४
## दरबन्दी सृजना र पदपुर्ति सम्बन्धी व्यवस्था

**७. पद तथा दरबन्दी सृजना सम्बन्धी व्यवस्था -** (१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न पद/तह तथा दरबन्दीको सृजना र खारेजी सम्बन्धी व्यवस्था गाउँसभाले निर्णय गरे बमोजिम हुनेछ।

(२) दरबन्दी सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघी सो पद सृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीबाट थप गरेको कार्यबोझ समाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक रुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभा समक्ष पेश गर्नुपर्नेछ। उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधी लागु हुनु भन्दा अघी गाउँसभाबाट स्वीकृत भएका नगर प्रहरी तथा सुरक्षा गार्डका दरबन्दीहरु यसै कार्यविधी अनुसार स्वीकृत दरबन्दी मानिनेछन्। नगर प्रहरीको कुल दरबन्दी कायम गर्दा सुरक्षा गार्डको रुपमा राखिने कर्मचारीको दरबन्दीलाई समेत समावेश गरी कायम गरिनेछ।

**८. नगर प्रहरी कर्मचारीको सुरु नियुक्ति हुने पदहरु** - गाउँपालिकामा पहिलो पटक नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानका पदहरुमा दफा १० बमोजिम खुला प्रकृयाद्वारा पुर्ति गरिनेछ र नगर प्रहरी हवल्दारको पदमा त्यस पछि आन्तरिक मुल्याङ्कनद्वारा मात्र पदपुर्ति गरिनेछ।

**९. नियक्ति गर्ने अधिकारी** - नगर प्रहरी कर्मचारी छनौट तथा सिफारिस समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ।

**१०. पदपुर्ती गर्ने तरिका** - (१) नगर प्रहरी कर्मचारीको पदपुर्ती देहाय बमोजिम गरिनेछ।

| सि.नं. | पद | खुला प्रतियोगिताद्वारा | आन्तरिक मुल्याङ्कनद्वारा | जम्मा | कै |
|---|---|---|---|---|---|
| १. | नगर प्रहरी हवल्दार | १००% (पहिलो पटक) | १००% | १००% | |
| २. | नगर प्रहरी जवान | १००% | - | १००% | |

तर यस दफामा जुनसुकै कुरा उल्लेख भएको भएता पनि पहिलो पटक नियुक्ति गरेपश्चात नगर प्रहरी हवल्दारको पदको दरबन्दीमा नबढ्ने गरी गाउँपालिकामा हाल कार्यरत नगर प्रहरी कर्मचारीहरुमध्येबाट कार्यानुभव वापत-४०%, माथिल्लो योग्यता वापत-१०%, कार्यक्षमता तथा अनुशासन वापत-२०%, नेतृत्व गर्न सक्ने क्षमता वापत-३०% अंकभारको आधारमा नगर प्रहरी जवानलाई नगर प्रहरी हवल्दारको पदमा नियुक्त गर्न सिफारिस गर्न सक्नेछ। यस उपदफाको प्रयोजनका लागि नगर प्रहरी हवल्दारको पदमा नियुक्तिको लागि योग्यता कायम गर्दा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको कायम गरिनेछ।

**११. खुला प्रकृयाद्वारा पदपुर्ति हुने पदको आवश्यक योग्यता** - (१) नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ।

(क) नगर प्रहरी हवल्दार पदको योग्यता -

(अ) दरखास्त आह्वान भएको मितिमा २१ वर्ष उमेर पुरा भइ ३० वर्ष ननाघेको।

(आ) नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(ई) महिलाको लागी घटीमा ५ फिट र पुरुषको लागी घटिमा ५ फिट ३ ईन्च उचाई भएको।

(उ) छाती नफुलाउदा घटिमा ३२ इन्च र फुलाउँदा ३६ इन्च भएको।

(ऊ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमोजोर नभएको।

(ऋ) शारिरिक र मानसिक रुपमा सबल रहेको।

(ए) नेपाली नागरिकताको प्रमाण पत्र भएको।

(ऐ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(ख) नगर प्रहरी जवान पदको योग्यता -

(अ) दरखास्त आह्वान भएको मितिमा १८ वर्ष उमेर पुरा भइ २५ वर्ष ननाघेको।

(आ) नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सि/एस. इ. इ. वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(ई) महिलाको लागी घटीमा ५ फिट र पुरुषको लागी घटिमा ५ फिट ३ ईन्च उचाई भएको।

(उ) छाती नफुलाउदा घटिमा ३२ इन्च र फुलाउँदा ३६ इन्च भएको।

(ऊ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमोजोर नभएको।

(ऋ) शारिरिक र मानसिक रुपमा सबल रहेको ।
(ए) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।
(ऐ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

**१२. पदपुर्ति समिति -** (१) नगर प्रहरी कर्मचारीको पदपुर्ति समितिमा देहायका सदस्य रहनेछन् ।
(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) इलाका प्रहरी कार्यालय संक्रान्तिबजार, तेह्रथुमका प्रमुख - विषय विज्ञ सदस्य
(ग) आठराई गाउँपालिका राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(घ) आठराई गाउँपालिका प्रशासन महाशाखा/शाखा प्रमुख - सदस्य सचिव
(२) पदपुर्ति समितिले नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानको छनौट गर्दा छनौट परीक्षाका मापदण्डहरु - शारिरिक तन्दुरुस्ती, लिखित परीक्षा तथा अन्तरवार्ता परीक्षाको तय परिक्षा समितिले नै गर्नेछ ।

**१३. सेवा करार सम्बन्धी व्यवस्था -** (१) दफा (१२) बमोजिमको समितिले दफा (१०) र (११) बमोजिम नगर प्रहरी हवल्दार तथा नगर प्रहरी जवान छनौट गरी सेवा करारमा नियुक्ति गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।
(२) उपदफा (१) बमोजिम सिफारिस भइ आएका उमेदवारलाई गाउँ कार्यपालिकाको कार्यालयले सेवा करारमा नियुक्ती गर्नेछ ।
(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधी, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नुपर्नेछ ।
(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु, कार्य विवरणहरु र सुविधाका कुराहरु समेत स्पष्ट उल्लेख गरी सेवा करारमा लिने व्यक्तिसँग बढीमा १ वर्षका लागि सेवा करार सम्झौता गर्नुपर्नछ ।
(५) सम्झौता बमोजिम सेवा करारको अवधी समाप्त भए पश्चता पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोष जनक भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम सेवा करारको अवधी थप गरी प्रमुख प्रशासकीय अधिकृतले पुन सम्झौता गर्न सक्नेछ ।
(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ती हुने व्यक्तिले सम्झौतामा उल्लेख भए वाहेकका अन्य कुनै सेवा सुविधाको दावी गर्न पाउने छैन ।

## परिच्छेद-५
## गाउँपालिका प्रशासन र नगर प्रहरी बीचको सम्बन्ध

**१५. प्रशासनको नियन्त्रणमा रहने -** (१) नगर प्रहरीको अनुशासन र आन्तरिक खटन पटन वाहेक समस्त नगर प्रहरी कर्मचारी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।
(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा गर्नेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि सुरक्षा गार्डमा खटिएको कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

१६. **नगर प्रहरी प्रमुख सम्बन्धी व्यवस्था** - (१) यस कार्यविधी बमोजिम नियुक्त नगर प्रहरी हवल्दारले नगर प्रहरी प्रमुखको कार्य गर्नेछ।

## परिच्छेद-६
## विदा सम्बन्धी व्यवस्था

१७. **विदा अधिकारको कुरा होइन** - (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व.विवेकले विदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ। नीजले बिदा बसेको नगर प्रहरीको विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

१८. **विदा सम्बन्धी व्यवस्था** - नगर प्रहरीले पाउने विदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। सो करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने बाहेकमा) बाहेक मासिक १ दिन भै परि तथा पर्व विदा पाउनेछन्।

१९. **विदा स्वीकृत नगराइ कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** - विदा नलिइ कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरिनेछ।

२०. **झुटो कारण देखाइ विदा बसेमा कारवाहि हुने** - झुटो कारण देखाइ विदा बसेको पाइएमा त्यस्तो प्रहरी कर्मचारी सजाँयको भागी हुनेछ।

## परिच्छेद-७
## आचरण

२१. **नगर प्रहरीको आचरण** - नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफु वा परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृती बीना कोही कसै सँगबाट दान, वक्स पुरस्कार वा उपहार स्कार गर्नु हुँदैन।

(ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुँदैन।

(ग) आफु वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पति नगद, सुन, चाँदी, शेयर र बैंक व्यालेन्स विवरण सहितको सम्पती विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधीक विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(घ) गाउँपालिकाको स्वीकृती विना कुनै व्यापार वा व्यवसाय गर्न पाइने छैन।

(ङ) गाउँपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु गाउँपालिकाको अख्तियारी बिना कोही कसैलाई दिनु हुदैन।

(च) रेडियो वा कुनै पत्र पत्रिका वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन। तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइने छ।

(छ) गाउँपालिकालाई खलल पुग्ने गरी वा गाउँपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा कुनै लेख रचना प्रकाशन गर्न पाइने छैन।

(ज) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन।

(झ) समय पालना वा नियमिततामा नगर प्रहरी चुस्त दुरुस्त हुनुपर्नेछ।

(ञ) आफ्नो कर्तव्य तत्परताका साथ पालना गर्नुपर्नेछ।

(ट) आफुभन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरु उपर उचित आदर देखाउनु पर्नेछ।

(ठ) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्न हुँदैन ।

(ड) बहुविवाह, बालविवाह र अनमेल विवाह गर्नु हूँदैन । प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

(ढ) कर्मचारीका आचरण सम्बन्धी व्यवस्थाहरु उलंघन गर्न पाइने छैन ।

(ण) गाउँपालिकाको आलोचना गर्न पाइने छैन ।

## परिच्छेद-८
## सजाँय र पुनरावेदन

**२२. सजाँय** - (१) उचित र पर्याप्त कारण भएमा प्रशासन शाखा प्रमुखको सिफारिसमा नगर प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम सजाँय गर्न सक्नेछ ।

(क) लिखित चेतावनी दिने ।

(ख) तलब भत्ता कट्टा गर्ने ।

(ग) प्रहरी कर्मचारीको लापरवाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएमा त्यसरी नोक्सानी भएको विगो बरावरको रकम निजलाई भुक्तानी दिनुपर्ने जुनसुकै स्रोत वा अन्य स्रोतबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(घ) नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनुपर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित सामान्य प्रकृयाबाट सजाँय गरी सेवाबाट हटाउन सकिनेछ ।

(ङ) प्रहरी कर्मचारीलाई यस दफा बमोजिम कारवाहि गर्नुभन्दा पहिला निजलाई सफाइको मौका दिइनेछ ।

## परिच्छेद-९
## तलब भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

**२३. नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था** - (१) गाउँपालिकामा सेवा करारमा नियुक्ति हुने नगरप्रहरीको तलब भत्ता र अन्य सुविधा सेवा करारमा उल्लेख भए बमोजिम उपलब्ध गराइनेछ । सो बाहेक अन्य सुविधा उपलब्ध हुनेछैन ।

(२) गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

**२४. नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था** - (१) गाउँपालिकाले नगर प्रहरी कर्मचारीले लगाउने पोशाकको रङ, किसिम, ड्रेस कोड तोकिदिन सक्नेछ ।

(२) गाउँपालिकाले नगर कर्मचारीलाई वर्षको १ पटक गाउँपालिका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउने छ । यस्तो पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानी दिइनेछ ।

(३) यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ ।

## परिच्छेद-१०
## विविध

**२५. तालिम सम्बन्धी व्यवस्था** - (१) नगर प्रहरीलाई आधारभूत तालिमको अतिरिक्त समय समयमा पुनर्ताजकी तालिम उपलब्ध गराइनेछ ।

(२) यसरी दिइने तालिमको लागी विज्ञ समूहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालिम प्रदान गरिनेछ ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालिम अनिवार्य रुपमा लिनुपर्नेछ ।

(४) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **चाँडपर्व खर्च पाउने-** नगर प्रहरीले आफुले आफ्नो धर्म संस्कृती परम्परा अनुसार मनाइने मुख्य चाँडपर्वमा खाईपाइ आएको १ महिना बराबरको तलब आर्थिक वर्षको एक पटक चाँडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन्।

२७. **उमेर हद -** यस कार्यविधीको दफा १३ को उपदफा (५) मा जुनसुकै कुरा उल्लेख भएको भएता पनि नगर प्रहरी कर्मचारीलाई निजको उमेर ५८ वर्ष पुरा भएपछि निजलाई सेवा करारमा निरन्तरता दिइने छैन।

२८. **यसै कार्यविधी बमोजिम भएको मानिने -** गाउँपालिकामा यो कार्यविधी लागु हुनुभन्दा अघी नियुक्त भएका नगर प्रहरी कर्मचारीहरु यसै कार्यविधी बमोजिम नियुक्त भएको मानिनेछ।

२९. **बाधा अड्काउ फुकाउने अधिकार -** यस कार्यविधी कार्यान्वयन गर्ने शिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

३०. **प्रचलित कानून बमोजिम हुने -** यस कार्यविधीमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलित गाउँपालिकाका अन्य कानून तथा प्रचलित कानून बमोजिम हुनेछ।

३१. **कार्यविधीमा संशोधन -** यस कार्यविधी कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नुपर्ने भएमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ। त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात मात्र लागु हुनेछ।

आज्ञाले,

शत्रुधन साह

निमित्त प्रमुख प्रशासकीय अधिकृत